मिति : २०८२। ०९। ०९ गते

समय : दिउसो १२.० वजे

स्थान : गाउँ कार्यपालिकाको कार्यालय , बैरेनी

आज मिति २०८२।०९ ।०९ गते यस गाउँपालिकाका अध्यक्ष श्री केदारनाथ खतिवडाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको.वैठक देहायका पदाधिकारीज्यूहरुको समुपस्थितिमा बसी देहायका निर्णय गरियो ।

<u>उपस्थिति :</u>

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री केदारनाथ खतिवडा | अध्यक्ष | |
| २ | श्री भाईकाजी तिवारी | उपाध्यक्ष | |
| ३ | श्री यदुकुमार खतिवडा | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री षडानन्द खनाल | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री राजन भुजेल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री राजु अधिकारी | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री सरोज लामा तामाङ्ग | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री दिपक कुमार कार्कि | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री हरि पसाद खतिवडा | ७ नं.वडा अध्यक्ष | |
| १० | श्री बिशाल लुङ्गेली मगर | ८ नं. वडा अध्यक्ष | |
| १५ | श्री भेष कुमारी खनाल | कार्यपालिका सदस्य | |

गल्छी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैरेनी, धादिङ
बागमती प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| १६ | श्री तुलसी अधिकारी | कार्यपालिका सदस्य | |
| १७ | श्री दिलमाया तामाङ्ग | कार्यपालिका सदस्य | दिलमाया |
| १८ | श्री जानुका घिताल | कार्यपालिका सदस्य | |
| १९ | श्री रमेश भुजेल | कार्यपालिका सदस्य | |
| १ | श्री सिर्जना घले | कार्यपालिका सदस्य | |
| २१ | श्री पूर्ण प्रसाद दुलाल | सचिव | |

प्रस्तावहरु

१) **समिक्षा सम्बन्धमा ।**

२) **योजनाहरुको म्याद थप सम्बन्धमा ।**

३) बिबिध

केदारनाथ ... अध्यक्ष

गल्छी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैरेनी, धादिङ बागमती प्रदेश, नेपाल

## गल्छी गाउँपालिका ६० औं कार्यपालिका बैठक

### प्रस्ताव नं १

### प्रगती समिक्षा सम्बन्धमा ।

### निर्णय नं १.

गल्छी गा.पा को मिति २०८२ ।०७ । १९ मा सम्पन्न कार्यपालिकाको बैठकका निर्णयहरु तथा योजनाहरुको कार्यन्वयनको प्रगति सम्बन्धमा छलफल तथा समिक्षा गरियो ।

### प्रस्ताव नं २

### योजनाहरुको म्याद थप सम्बन्धमा ।

### निर्णय नं २

गल्छी गाउपालिकाबाट आ.व. ०७७/०७८ मा ठेक्का आव्हान भई निर्माणाधिन तपसिल बमोजिमका योजनाहरुको म्याद थप गर्ने ।

निर्माण कार्यको अन्तिम चरणमा रहेका तपशील बमोजिमका बहु वर्शिय योजनाहरुको म्याद तपशील बमोजिम हुने गरी थप गर्ने निर्णय गरियो ।

| क्र. स. | योजनाको नाम | ठेक्का नम्बर | म्याद समाप्त भएको मिति | म्याद थप गर्नु पर्ने अन्तिम मिति | म्याद थप गर्नु पर्ने कारण |
|---|---|---|---|---|---|
| १ | Construction of Baireni Hospital (15 beded ) | GRM/1S2E/19/077/78 | २०८२/ ०५ /३० | २०८२/ १० /३० | नाला निर्माणमा विवाद र विद्युत जडान ढिलाई भएकोले काम सम्पन्न नभएको । |
| २ | Construction of gupteshwor temple tourism infrastructure | GRM /NCB/1S2E/20/077/078 | २०८२/ ०३ /३० | २०८२/ १० /३० | वर्षातको का रण बाटो अवरुद्ध तथा दुर्घटनाको कारण कार्य सम्पन्न नभएको। |

साथै ठेक्का नं GRM/1S2E/19/077/78, Construction of Baireni Hospital (15 beded) को उक्त अस्पताल निर्माण सम्वन्धिकार्यका लागि मिति २०७८/०६/१३ को द्विपक्षीय सम्झौता बमोजिम परामर्शदाता नियुक्त भइ कार्यरत रहेको र आयोजनाको अवधि लम्बदै जादा परामर्शदाताको अवधि समेत लम्बिन गइ आयोजनालाइ थप ब्ययभार परिरहेको ब्योहारा समेतको जानकारी प्र.प्र.अ बाट गराइको सम्बन्धमा छलफल गरियो । उक्त आयोजना सम्पन्नहुने अवस्थामा पुगेको हुनाले परामर्शदाताको म्याद समेत २०८२/ १०/३० सम्म थप गरि आयोजना सम्पन्न गर्ने निर्णय गरियो ।

### प्रस्ताव नं ३

### बिबिध

### निर्णय नं ३

### बिबिध

केदारनाथ खतिवडा
अध्यक्ष

गल्छी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैरेनी, धादिङ
बागमती प्रदेश, नेपाल

## गल्छी गाउँपालिका ६० औं कार्यपालिका बैठक

(क) वडा न २ मा दशै बाटो सरसफाई शिर्षकमा रु. ५ लाख बिनियोजन भएको र सो बजेटबाट मात्र बाट बाटो सरसफाईको लागि रकम अपुग भई वडा समितिको निर्णयबमोजिम सोही वडाको अन्य सार्वजनिक निर्माण शिर्षकमा बिनियोजन भएको रकमबाट रु. ५ लाख थप गरी जम्मा रु. १० लाखको ल.इ. स्विकृत भई कार्य सम्पन्न भएकामा प्राबिधिक प्रतिबेदन बमोजिम सम्पन्न कामको भुक्तानी गरिदिने निर्णय गरियो ।

(ख) वडा नं ६ को दशै बाटो सरसफाईका लागि सोहि वडाको लागि बिनियोजन भएको बिबिध खर्च शिर्षकबाट भुक्तानी हुने गरि सम्झौता भई कार्य भएकोमा प्राबिधिक प्रतिबेदन अनुसारको रु ५५२७३५.४९ भुक्तानी गर्ने निर्णय गरियो ।

(ग) वडा नं ७ दशै बाटो सरसफाइ लागि ग्रामिण सडक मर्मत शिर्षकमा बिनियोजन भएको रु. ११ लाख बाट भुक्तानी गर्ने गरी उपभोक्ता समिति संग सम्झौता भई कार्य सम्पन्न भएकोले प्राबिधिक प्रतिबेदन बमोजिम सम्पन्न कामको भुक्तानी गर्ने निर्णय गरियो ।

(घ) ज्यालादारी कर्मचारीको रकम भुक्तानी सम्बन्धमा छलफल गर्दा वडा नम्बर ५ को बाटो सरसफाई गर्न २ जना ज्यालादारी कर्मचारीको वडा बाट भर्ना गरी काम लगाएको र भुक्तानीको लागि सिफारिस भइ आए बमोजिम रु १ लाख भुक्तानी गर्ने निर्णय गरियो ।

(ङ) आ.ब. ०८१/८२ को बार्षिक र चालु आ.व.०८२/८३ को अर्धबार्षिक समिक्षा मिति २०८२ माघ ७ र ८ गते बिहान ११ बजे गाउपालिका सभाहलमा गर्ने निर्णय गरियो । साथै गल्छि गाउपालिकाबाट संन्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाह सम्बन्धमा सार्बजनिक सुनुवाई कार्यकम पौष ३० गते दिनको ११ बजे गा.पा. सभाहलमा आयोजना गर्ने निर्णय गरियो । साथै गल्छि गाउपालिको गाउसभाको १४ औं अधिबेशन २०८२/१०/२६ गते दिनको ११ बजे संन्चालन गर्ने निर्णय गरियो ।

(च) गाउँपालिका क्षेत्र भित्रबाट निर्माण सामाग्री उत्खनन गरि ठेक्का मार्फत संन्चालन योजनाहरुमा प्रयोगहुने निर्माण सामाग्रीलागि गाउपालिकाले निर्धारण गरेको कर रकम दाखिला गर्न सम्बन्धित पक्षलाइ अनुरोध गर्ने निर्णय गरियो ।

(छ) सेतो माटोको दररेट निर्धारण सम्बन्धमा छलफल गर्दा मिति २०८२ पौष ७ गतेको राजश्व परामर्श समितिकोबैठकको निर्णय अनुसार चालु आ व को आर्थिक ऐनमा उल्लेख भएको माटोको लागि निर्धारण भएको दर रेट बमोजिम नै शुल्क लिने निर्णय गरियो ।

(ज) बैरेनी अस्पतालमा सघन प्रसुती तथा नवजात शिशु सेवा (CEONC) सञ्चालनको माग भए बमोजिम सो अस्पतालबाट उक्त सेवा सञ्चालन गर्न परिवार कल्याण महाशाखा टेकु काठमाठौं सँग स्विकृति माग गर्ने निर्णय गरियो ।

(झ) पालिकाको प्रशासकिय भवनको आँगन घेराबार निर्माण सम्बन्धमा छलफल गर्दा नवानिर्मित प्रशासकीय भवनको अगाडी खुल्ला हुँदा कार्यालयको सुरक्षामा समेत असर परेकाले कार्यालयको सुरक्षाको लागि पर्खाल लगाउने निर्णय गरियो । साथै उक्त घेराबार पृथ्वी राजमार्गको ROW भित्र पर्ने भएतापनि सडकले माग गरेको बेला सडकलाई नै फिर्ता गर्ने गरी प्रशासकीय भवन को सुरक्षार्थ हाललाई सडकको केन्द्र बिन्दुबाट १५ मिटर छाडि घेराबार गर्ने निर्णय गरियो ।

(ञ) सि.वि.आर. कार्यक्रम सञ्चालन सम्बन्धमा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) मा अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनस्थापना सहयोग कार्यक्रममा रु ३ लाख विनियोजन भएको र कार्यान्वयन कार्य विधि अनुसार ६०% सामाजिक विकाश मन्त्रालयको र ४०% हुन आउने रकम साझेदारीक रुपमा गाउँपालिका बाट बिनियोजन गर्नु पर्ने भएकाले अपांङ्गता समन्वय समितिको मिति २०८२ पौष ९ गतेको बैठकको

गल्छी गाउँपालिका कार्यपालिकाको कार्यालय बैरेनी, धादिङ बागमती प्रदेश, नेपाल

केदारनाथ खतिवडा
अध्यक्ष

## गल्छी गाउँपालिका ६० औं कार्यपालिका बैठक

सिफारिस अनुसार सि.नं. १०९ को लैङ्गिक हिंसा विरुद्ध १६ दिने कार्यक्रमको शिर्षक बाट  रु.२००,०००।-(अक्षरुपी दुई लाख रुपैया मात्र) समायोजन गरी खर्च गर्ने निर्णय गरियो ।

(ट) वडा नं २ को बिबिध खर्च शिर्षकमा बिनियोजन भएको रकम मध्ये २०८२ पौष ७ गतेको वडा समितिको निर्णय तथा वडा नं १ को वडा समितिको मिति २०८२/७/२४ गतेको निर्णयानुसार  वडामा बिनियोजित तपसिलका योजना तथा कार्यक्रमहरुको बजेट रकमबाट निम्नानुसारका कार्यक्रममा भूक्तानी गर्नेगरी सिफारिस आएकामा सो स्विकृत गर्ने निर्णय गरियो ।

तपशिल

| सि नँ | वडा नं | साबिक योजना तथा कार्यक्रम | साबिक बजेट | भूक्तानीको लागी संशोधित कार्यक्रमको नाम | स्थान | संशोधन विनियोजित रकम |
|---|---|---|---|---|---|---|
| १ | २ | बिबिध खर्च | | केउरीनीटार राईटोल पञ्चेबाजा सिकाई | राईटोल | ७०००० |
| | | | | कल्लेरी मा बि राष्ट्रपति रनिङ शिल्ड संचालन खर्च | बसेरी | ३०००० |
| २ | १ | दैनिक ज्यालादारी तथा बाटो सरसफाइ | ८००००० | बाटो सरसफाई तर्फ (दैनिक ज्यालादारी तथा बाटो सरसफाई) | ९५०००० | |
| ३ | १ | बिबिध | ७००००० | बिबिध | २५०००० | |
| | | | | दैनिक ज्यालादारी तर्फ | ३००००० | |

(ठ) गल्छी गा पा वडा नं २ मा बिनियोजन भएको सार्वजनिक शिर्षकबाट बार्हबिसे वेलिनीटार सिंचाई कुलो अमानत बिधिबाट रु.१०००००।- (अक्षरुपी एकलाख रुपैया मात्र) बराबर  मर्मत संम्भार भएको भनि भुक्तानीको लागि  वडा नं २ बाट सिफारीस भई आएकामा प्राबिधिकको कार्य सम्पन्न प्रतिवेदन बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

(ड) आर्थिक रुपले बिपन्न अवस्थाका गल्छि गाउपालिकाको तपसिल बमोजिमका नागरिकलाई औषधि उपचार तथा मृत्युसस्कारमा निम्न बमोजिम सहयोग गर्ने निर्णय गरियो ।

तपसिल

| सि नं | नाम थर | ठेगाना | सहयोगको बिषय | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाबुराम तामाङ | गल्छि - ६ | मृत्यु सँस्कार | १५००० | |
| २ | नसे रम्तेल | गल्छि - १ | औषधि उपचार | २०००० | |
| ३ | सम्बर बहादुर तामाङ | गल्छि - ७ | औषधि उपचार | १०००० | |



केदारनाथ खतिवडा

गल्छी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैरेनी, धादिङ
बागमती प्रदेश, नेपाल